का.जि.प्र.का.द.नं. १००/०५९/६०

२२ माघ २०८०,
सोमबार
5 February 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३६२ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सरकारलाई लिएर कांग्रेसमा मतभेद

कांग्रेसको संस्थापन इतरका नेताहरुले सार्वजनिकरुपमै प्रधानमन्त्रीमा प्रचण्डको विकल्प खोज्नुपर्ने बताइरहेका छन् । तर संस्थापनपक्ष भने उपप्रधान तथा गृहमन्त्री फेरेर अगाडि जान चाहन्छ ।





अब प्रधानमन्त्री बन्ने पालो माधवकुमार नेपालको हो र त्यसपछि २०८४ को चुनाव गराउने गरी शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुहुन्छ, यही समझदारी छ ।

**विमलेन्द्र निधि**
**पूर्वउपसभापति, कांग्रेस**



प्रचण्ड नेतृत्वको वर्तमान सरकार सच्चिनुपर्छ । होइन भने छाड्नुपर्छ । मेरो बुझाइमा कांग्रेस नेतृत्वमा सरकार गठन अपरिहार्य नै भइसक्यो ।

**शेखर कोइराला**
**नेता, कांग्रेस**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

नेपाली कांग्रेसका नेताहरू सार्वजनिक रुपमै सरकारको आलोचना र बचाउमा उत्रिएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा नमागेर कांग्रेसभित्रको इत्तर पक्षका नेताहरुले अब प्रधानमन्त्री हुने पालो नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको भएको भनी दबाब सिर्जना गर्न थालेका हुन् ।

कांग्रेस हाल 'समुदायमा कांग्रेस' अभियानमा छ । अभियानका क्रममा गत माघ १८ गते दाङको घोराहीमा आयोजित पत्रकार सम्मेलनमा कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले सत्ता गठबन्धन दलहरूका बीचमा भएको समझदारीअनुसार पहिले माओवादी केन्द्रबाट प्रचण्ड प्रधानमन्त्री बनेको बताएका थिए । सत्ता गठबन्धनभित्रको समझदारीअनुसार अब प्रधानमन्त्री हुने पालो माधवकुमार नेपालको भएको बताए ।

उनले भनेका थिए, 'अब प्रधानमन्त्री बन्ने पालो एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालको हो र त्यसपछि ०८४ को चुनाव गराउने गरी कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुहुन्छ, यही समझदारी छ ।'

यही भाषा नवलपुर पुगेका बेला पूर्वमहामन्त्री शशांक कोइरालाले पनि प्रयोग गरे । नवलपुरमा माघ १८ गते पत्रकारहरूसँग कुराकानी गर्दै पूर्वमहामन्त्री कोइरालाले गठबन्धनभित्रको पूर्वसहमति अनुसार प्रचण्डपछि प्रधानमन्त्री हुने पालो माधवकुमार नेपालको भएको बताएका हुन् । उनले भनेका थिए, 'वर्तमान गठबन्धन निरन्तर चलिरहन्छ । उहाँहरूले गठबन्धनभित्र गरेको सहमतिअनुसार अब प्रधानमन्त्री हुने माधवकुमार नेपाल हो, त्यसपछि शेरबहादुरजीको हुनुपर्ने हो ।'

तर कांग्रेसको इत्तरपक्षका नेताहरुले सार्वजनिक रुपमै प्रधानमन्त्रीमा प्रचण्डको विकल्प खोज्नुपर्ने बताइरहेका छन् । तर संस्थापन पक्ष गृहमन्त्री फेरेर अगाडि जान चाहन्छ । नेता शेखर कोइरालाले प्रचण्ड नेतृत्वको वर्तमान सरकार कि सच्चिनुपर्ने होइन भने छाड्नुपर्ने बताउँछन् । उनले पछिल्लो समय निरन्तर भन्ने गरेका छन्, 'कांग्रेस नेतृत्वमा सरकार गठन अपरिहार्य नै भइसक्यो ।'

नेताहरुका अनुसार, प्रचण्ड नेतृत्वको सरकारको विकल्पका विषयमा कुरा उठ्नुका मुख्यत: तीन कारण छन् । संसदमा कम सिट संख्या भएको माओवादी केन्द्रलाई सरकारको नेतृत्व गुम्ने आशंका निरन्तर छ । ठूला पार्टीहरूलाई पनि तेस्रो दलको सरकार रहिरहने विषय मन परिरहेको छैन । यसमा कांग्रेसभित्र देखिएको खटपट मिसिएका नेताहरु बताउँछन् ।

माओवादी केन्द्रले सुशासन र भ्रष्ट्राचार विरोधी अभियानका नाममा बिभिन्न प्रकरणहरु अगाडि बढाउन खोज्दा समेत »» पृष्ठ २ मा

## ढल्यो सहकारीमा इच्छाराजको साम्राज्य

# परिवारकै सम्पत्ति जफत, पीडितले बचत फिर्ता पाउने

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

पूर्वसांसद एवं सिभिल सहकारीका सञ्चालक इच्छाराज तामाङ सम्पत्ति शुद्धीकरण अभियोगमा दोषी ठहर भएका छन् । विशेष अदालतले दोषी ठहर गर्दै ३ वर्ष कैद र एक अर्ब ७२ करोड रुपैयाँ बिगो भराउने आदेश गरेको छ ।

विशेष अदालतले एक अर्ब ७२ करोड जरिवाना पनि तोकेको छ । अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरु तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सम्पत्ति शुद्धीकरणको अभियोगमा दोषी ठहर गर्दै तामाङ, उनकी पत्नी सिर्जना र मामा ससुरा केशवराज श्रेष्ठलाई सजाय तोकेको हो ।

विशेष अदालतका प्रवक्ता धनबहादुर कार्कीका अनुसार इच्छाराज, पत्नी, दुई छोरीहरु, इच्छाराजका मामाससुरा केशवलाल श्रेष्ठ, केशवकी पत्नी मीनाको नाममा रहेको सम्पत्ति जफत गर्न आदेश भएको छ । जफत हुने सम्पत्ति पीडितले पाउने छन् ।

विशेष अदालतले इच्छाराजकी पत्नी सिर्जनालाई एक वर्ष ६ महिना कैद र एक अर्ब ३ करोड रुपैयाँ बिगो र त्यति नै जरिवाना तोकेको छ । इच्छाराजका मामाससुरा केशवराज श्रेष्ठलाई डेढ वर्ष कैद, २५ करोड ६५ लाख बिगो र त्यति नै बराबरको जरिवाना तोकेको छ ।

१६ भदौ २०७९ मा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले इच्छाराजसहित उनकी पत्नी सिर्जना, दुई छोरी, अनि मामाससुरा केशवराज विरुद्ध सम्पत्ति शुद्धिकरणको आरोपमा मुद्दा दायर गरेको थियो । आइतबार विशेष अदालतले फैसला गर्दै भनेको छ, 'यी प्रतिवादीहरु उपर काठमाडौं जिल्ला अदालतमा विचाराधीन ठगी मुद्दामा कसुर ठहर भएमा पीडितको बिगो भरिभराउने गर्ने कार्यले नै प्राथमिकता पाउने ठहर्छ ।'



ठूलो रकम बचत गर्नेहरुलाई सुनको सिक्का उपहार दिने योजना ल्याएर बचतकर्तालाई प्रलोभनमा पारेर सहकारीमा जम्मा गर्न लगाएको रकम हिनामिना गरेर राजनीतिक पहुँचका आधारमा उम्कन खोजेका इच्छाराज अन्ततः कानूनको कठघरामा परे ।

पेशाले इञ्जिनियर इच्छाराज नेपालमा जग्गा प्लटिङ गर्ने, घर तथा फ्ल्याट निर्माण गरी बेच्ने कामको सुरुवात गर्दै सहकारीसम्म पुगेका थिए । उनले सुरु गरेको सिभिल होम्सका घरहरु १० औं चरणसम्म बिक्री भएको थियो । त्यही सिलसिलामा सिभिल सहकारी खोलेका उनले सहकारीमा बचतकर्ताले जम्मा गरेको रकम समेत जग्गा प्लटिङ र घर तथा »» पृष्ठ २ मा

# दलहरुका आ-आफ्नै रणनीति



सक्रमणकालीन न्याय, विद्यालय शिक्षा, निजामतीलगायत असाध्यै महत्वपूर्ण विधेयकहरु छन् । तिनलाई गतिका साथ अगाडि बढाउनुपर्ने सोचेका छौं ।

**हितराज पाण्डे**
**प्रमुख सचेतक, माओवादी केन्द्र**



कानून र संविधान विपरीत सरकारका समग्र गतिविधिको संसदमार्फत सशक्त आवाज उठाउँछौं । भण्डाफोर गर्नेछौं ।

**महेश बर्तौला**
**सचेतक, एमाले**



अघिल्लो संसदमा जतिपनि कानूनहरु पारित गर्नुपर्थ्यो त्यो गर्न सकेनौं । अब संसदलाई विशेषगरी कानून निर्माणको काममा नै बढी समय खर्चिनुपर्छ ।

**सुशीला थिङ**
**सचेतक, कांग्रेस**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ माघ ।

राजनीतिक दलहरुले संसदको हिउँदे अधिवेशनमा आ-आफ्ना रणनीति तय गरेका छन् । प्रमुख प्रतिपक्षी नेकपा एमालेले शनिबार र आइतबार दुई दिन संसदीय दलको बैठक राखेर सांसदहरुलाई प्रशिक्षित गरेको छ ।

प्रमुख सचेतक पदम गिरीका अनुसार बैठकले पार्टीका सांसदहरुलाई निर्देशनात्मक सुझाव पनि दिएको छ । संसद् र संसदीय समितिको बैठकमा नियमित उपस्थित हुन सांसदहरुलाई निर्देशन दिएको प्रमुख सचेतक गिरीले बताए ।

प्रमुख सचेतक गिरीले संसदमा सुशासनको मुद्दालाई पहिलो मुद्दा बनाउने बताए । देशमा भ्रष्टाचार बढेको र जनतामा निराशा बढेको एमालेको ठम्याइ छ । सरकार जनताप्रति जवाफदेही र उत्तरदायी हुन नसकेको कारण देशमा भ्रष्टाचार बढिरहेको भन्दै एमालेले सुशासनको मुद्दालाई प्राथमिकताका साथ उठाउन लागेको हो ।

एमालेकै सचेतक महेश बर्तौलाले सरकारले संविधान र कानून विपरीत गरेका गतिविधि संसदमार्फत भण्डाफोर गर्ने बताए । 'कानून र संविधान विपरीत सरकारका समग्र गतिविधिको संसदमार्फत सशक्त आवाज उठाउँछौं । भण्डाफोर गर्नेछौं ।'

नेपाली कांग्रेसले बिहीबार नै संसदीय दलको बैठक राखेर संसदीय समिति समेत हेर्ने गरी सांसदहरुलाई संयोजक नै तोकेर जिम्मेवारी दिएको छ । नेकपा माओवादी केन्द्रले सोमबार बिहान साढे ८ बजे संसदीय दलको बैठक बोलाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले संसदमा प्रस्तुत हुने तयारी लगायतका विषयमा गृहकार्य गर्न र त्यस अनुसार प्रस्तुत हुने »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# वैदेशिक रोजगारको नाममा हुने ठगीका घटना निरन्तर बढ्दै

### माल्दिभ्स, न्युजिल्यान्ड र रोमानिया पठाउने भन्दै रकम असुल्ने चार पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ माघ

वैदेशिक रोजगारको नाममा हुने ठगीका घटना निरन्तर बढिरहेको छ । दिनहुँजसो प्रहरीले वैदेशिक रोजगार ठगीमा संलग्नहरुलाई पक्राउ गरिरहेको छ । देशमा रोजगारी नपाउँदा कामकै लागि विदेशिने युवाहरुको संख्या बढ्दै जाँदा ठगीका घटनामा पनि वृद्धि भएको हो । तर सरकारले न त पर्याप्त रोजगारी सिर्जना गर्न सकेको छ, न त ठगीका घटना न्यूनीकरण गर्न कुनै योजना ल्याउन सकेको छ । जसले गर्दा ऋण काढेर विदेश जाने आशामा बसेकाहरु ठगको फन्दामा पर्ने गरेका छन् ।

यसैबीच वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक पठाइदिने प्रलोभनमा पारी ठगी गरेको अभियोगमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । माल्दिभ्स, न्युजिल्यान्ड र रोमानिया पठाउने भन्दै रकम असुलेर सम्पर्कविहीन भएका चार जनालाई प्रहरीले राजधानीका विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

प्रकाश बुढाथोकीलाई मासिक एक लाख रुपैयाँ तलब हुने रोजगारीमा माल्दिभ्स पठाइदिने भनि पटक-पटक गरी ४ लाख ४० हजार रुपैयाँ लिएर सम्पर्कविहीन भएकी खोटाङ बाक्सिलाकी फूलमाया खत्रीलाई प्रहरीले पक्राउ गरेको छ । फूलमायालाई काडाँघारीबाट पक्राउ गरिएको प्रहरीले बताएको छ ।

त्यस्तै वैदेशिक रोजगारीका लागि न्युजिल्याण्ड पठाइदिन्छु भनि ठगी गरेको उजुरीका आधारमा प्रहरीले सल्यानको सारदा नगरपालिका-१ का चन्द्र बहादुर बुढाथोकीसहित दुई जनालाई पनि पक्राउ गरेको छ । उनीहरू खड्गराज गिर 'िसमेत दुई जनालाई वैदेशिक रोजगारीका लागि न्युजिल्यान्ड पठाउन प्रतिव्यक्ति ११ लाख रुपैयाँ लाग्ने बताएर दुई जनाबाट ११ लाख ५० हजार रुपैयाँ लिएर फरार भएका थिए । प्रहरीले बुढाथोकीसहित उनका साथी सल्यान सारदा-५ का टोप बहादुर सेजवाललाई नयाँबानेश्वरबाट पक्राउ गरेको हो । बुढाथोकी र सेजुवालले न्युजिल्यान्ड पुगेपछि मासिक २ लाख रुपैयाँ तलब हुने फुड प्याकिङको काम लगाइदिने प्रलोभन देखाएर »» पृष्ठ २ मा

UAE को प्रतिष्ठित कम्पनिमा बैदेशिक रोजगार

Alsameed Transporting And General Contracting LLC OPC

ALSAMEED GEN. TRANS.

पूर्व स्वीकृती मिति: २०८०/१०/१९ | चलानी नं.: ६०२१४२२९ | LT No.: 299261

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Steel Fixer | 25 | 0 | काममा दक्ष | 1200 | ४३,५३५।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Filling Clerk | 10 | 0 | | 1200 | ४३,५३५।- | | | | | | | |
| ३. | Carpenter | 25 | 0 | | 1200 | ४३,५३५।- | | | | | | | |
| ४. | Brick Mason | 25 | 0 | | 1200 | ४३,५३५।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८० माघ २७ र २८ गते (10 & 11 Feb., 2024) यस प्रा. लि. को कार्यलय सामाखुशीमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) कामामा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

ईम्पावर ओभरसिज प्रा. लि.

श्रम ईजाजत न.: ११०६/०७३/०७४

टोखा-१०, सामाखुशी, काठमाडौं, नेपाल फोन: ०१-४९८२७१२,
मोबाइल नम्बर: ९७६१८५६९८५, ९७०४६४२९५४, ९८६३५९८८८०
Email:empoweroverseas2074@gmail.com | Web: www.empoweroverseas.com.np

VACANCY
ANNOUNCEMENT
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:

MANAGER : 1 (M/F)
Qualification: Bachelor's degree, Well English speaking, work in related field 3/4 years.

OFFICE SECRETARY : 2 (Female)
RECEPTIONIST : 2 (Female)
DOCUMENTATION : 3 (M/F)
OFFICE BOY : 2 (Male)
PRO : 4 (M/F)

Qualification SEE or +2 Passed, work in related field 1/2 years.
Salary Negotiable

DRIVER : 1 (M/F)
Well English speaking, work in related field 2/4 years.

Send the cv on :
trivenioverseas.nepal@gmail.com
01-4987602 | 4987603 | 9851123170
9806930601 | 9841996573 | 9841996571 | 9843685689

# बालकुमारी घटनाः जाँचबुझ आयोगको म्याद थपियो



**काठमाडौं/मस**-ललितपुरको बालकुमारीमा हालै भएको घटनाको अध्ययन गर्न सरकारले बनाएको जाँचबुझ आयोगको म्याद १५ दिन थप भएको छ। बालकुमारीमा गएको पुस १३ गते कोरियाको रोजगारी अनुमति प्रणाली (इपिएस) भाषा परीक्षाको सन्दर्भमा भएको प्रदर्शनपछि झडप हुँदा दुईजनाको मृत्यु भएको थियो भने यातायातमन्त्रीको गाडी जलाइएको थियो ।

उक्त घटनाको छानबिन गर्न मन्त्रिपरिषद्द्वारा पुस १६ गते गठित जाँचबुझ आयोगको म्याद १५ दिन थप गरिएको गृहमन्त्रालयका सूचना अधिकारी एकदेव अधिकारीले राससलाई जानकारी दिए ।

समितिलाई छानबिनका लागि एक महिनाको म्याद दिइएको भए पनि काम सम्पन्न नभएकाले म्याद थपिएको हो। उक्त घटनामा २३ वर्षका सुजन रावत र २२ वर्षका बीरेन्द्र शाहको मृत्यु भएको थियो भने भौतिक पूर्वाधार तथा यातायतमन्त्री प्रकाश ज्वाला चढेको गाडी प्रदर्शनकारीले जलाएका थिए ।

त्यसपछि सरकारले पूर्वन्यायाधीश शेखर पौडेलको संयोजकत्वमा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो । समितिमा नेपाल प्रहरीका पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक अरुण बिसी र गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य छन् ।

मन्त्रिपरिषद् बैठकले जाँचबुझ आयोगलाई घटनामा भएको मानवीय, भौतिकलगायत क्षतिको विवरणको अध्ययन र विश्लेषण गर्ने, उक्त घटनाका कारण र सो स्थानमा गरिएको सुरक्षा प्रबन्ध तथा सुरक्षा योजनाको अध्ययन गरी त्यसमा भएका कमीकमजोरी पत्ता लगाउने, उक्त घटनासँग सम्बन्धित व्यक्ति, पदाधिकारी एवं निकायको भूमिका सम्बन्धमा अध्ययन गरी दोषी देखिएकालाई कारबाहीको सिफारिस गर्ने र आगामी दिनमा त्यस प्रकारका घटना हुन नदिन अपनाउनुपर्ने उपाय समेटिएको प्रतिवेदन तयार पारी पेस गर्ने जिम्मेवारी दिएको छ ।

उक्त घटनापछि केही प्रहरी कर्मचारीलाई निलम्बन गरिएको छ भने ललितपुरका तत्कालीन प्रहरी प्रमुख सिद्धिविक्रम शाहलाई प्रहरी प्रधान कार्यालय र तत्कालीन प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्डितलाई गृहमन्त्रालयमा फिर्ता गरिएको थियो ।

# 'कर्णालीमा पुनर्जागरण ल्याउनुपर्छ'




**सुर्खेत/मस**–मध्यपश्चिम विश्व विद्यालयका उपकुलपति प्रा.डा. नन्दबहादुर सिंहले कर्णालीको वास्तविक इतिहास सच्याउन र समृद्ध कर्णाली बनाउनका लागि लेखकीय रुपमा पुनर्जागरण ल्याउनुपर्ने बताएका छन् । मध्यपश्चिम विश्वविद्यालयसँगको सहकार्यमा कर्णाली साहित्य समाजको आयोजना गरेको डा.दीपेन्द्र रोकायाद्वारा लिखित पुस्तक 'कर्नालीको मर्म' माथि सुर्खेतमा प्राज्ञिक परिचर्चा कार्यक्रममा उनले उक्त विचार व्यक्त गरेका हुन् ।

डा. दीपेन्द्र रोकाया कर्णालीमा जन्मेको 'जनयुद्धबाट आएको र कर्णालीकै योजना आयोगमा काम गरेकाले कर्णालीबासीले कर्णालीकै मर्म पाउन सफल भएको बताउँदै उपकुलपति सिंहले भने, 'कर्णालीको शीरबाट एउटा युवाको उदय भएको छ, कर्णालीले जोगाउन सक्नुपर्छ ।' कर्णालीको मर्ममा समेटिएका विषयबस्तुले कर्णालीको भू-क्षेत्रमा जागरण ल्याउने विषय उठान गरेको बताउँदै उनले भने,' यहाँ कर्णालीको आत्म बोलेको छ, सबै कर्णालीबासीले पढ्नुपर्छ ।'

कर्णाली प्रदेश योजना आयोगका उपाध्यक्ष योगेन्द्रबहादुर शाहीले कर्णालीको मर्म इतिहास, भाषा, साहित्य र विकासको महत्वपूर्ण दस्तावेज भएको बताए। उनले लेखक निरन्तर शोधरत रहने व्यक्ति भएकाले कर्णालीको कहिल्यै उजागर नभएका विषयवस्तु बाहिर आएको समेत जिकिर गरे । उपाध्यक्ष शाहीले डा.रोकायाको पुस्तकले कर्णालीमा पुनर्जागरणको समय ल्याउन सहयोग गर्ने ठोकुवा गरे । लेखक डा.नवराज के.सी.ले कर्णालीको मर्म जीवनको पाठशालामा लेखिएको पुस्तक भएको बताउँदै भने, 'यस पुस्तकले म उभिएको भन्दा म उम्रेको माटो महत्वपूर्ण हुन्छ, भन्ने पाठ सिकाएको छ ।' उनले समात्दा सानो लागेपनि वजनदार मूल्य भएको पुस्तक कर्णालीले पाएको जिकिर गरे । उनका अनुसार कर्णाली बुझ्न कर्णालीको मर्म पढ्नै पर्नेछ ।

यस कृतिलाई लेखक डा.दीपेन्द्र रोकायाले कर्णालीको गर्वलाग्दो इतिहासको उत्खनन्, वर्तमानको पैरवी र भविश्यको आँकलन गर्न उत्पेरणा मिलोस् भनी प्रकाशनमा ल्याएको बताए । सो पुस्तक कर्णालीको भूमिमा केही गर्न सकिन्छ भनी सोच्ने र काम गर्नेहरुको नाममा समर्पण गरिएको 'कर्नालीको मर्म' भित्र कर्णालीको मुल, पहिलो आमा, शिव !, हिजोको कर्णाली, परिवर्तनको मूल्यबोध, बिम्ब फेर्न्या रैवार र गन्तव्य कर्णाली भनेर सात अध्यायमा लेखिएको छ ।

कार्यक्रममा देउडा गायिका जानकी र शारदा रोकायाले पुस्तकभित्र लेखिएको 'नुन पाइन्थ्यो सुन पनि पाइन्थ्यो कर्नालीको गाउँमा, लागेन पारिलो घाम राजनीतिको नाउँमा' भन्ने देउडा गीत प्रस्तुत गरिन् । यस्तै कर्णाली साहित्य समाजका अध्यक्ष खगेन्द्र अधिकारी र शहीद यामबहादुर विसी, प्रतिष्ठानका सचिव भगवती विसीले कर्णालीको मर्ममाथि चर्चा गरेका थिए ।

## सरकारलाई...

कांग्रेसभित्र तरंग पैदा भएको छ । कांग्रेसकै नेताहरु मुछिएकाले पनि प्रचण्ड नेतृत्वको सरकारको आलोचना कांग्रेसभित्र भएको बताइन्छ । कांग्रेसभित्रको अन्तर विवादका कारण प्रचण्ड नेतृत्वको सरकारले गर्न चाहेको मन्त्रिपरिषद हेरफेर समेत हुन नसकेको नेताहरु बताउँछन् ।

## ढल्यो...

अपार्टमेन्ट निर्माणमा लगानी गरे । तरु त्यसको प्रतिफलले सहकारीबाट लिएको ऋणको साँवा र ब्याज नतिरेको विभिन्न जाँचबुझ र अनुसन्धानले देखाएको छ ।

उनीमाथि आफ्नै समूहका विभिन्न कम्पनीहरुलाई बिना धितो कर्जा प्रवाह गरी सर्वसाधारणको रकम हिनामिना गरेको आरोप पनि छ। ती विभिन्न कम्पनीहरुको प्रतिफल आफ्नै कमाइ देखाएर गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप छ । सहकारी सिद्धान्तको नियम, विधि र प्रक्रिया मिचेर इच्छाराजले सिभिल सहकारीमा साम्राज्य जमाएका थिए ।

सिभिल सहकारीले कम्तीमा १२ प्रतिशत ब्याजको प्रलोभन दिएर सहकारीका सदस्य भन्दा बाहिरबाट पनि बचत संकलन गरेको थियो । उनीहरुले ठूलो रकम बचत गर्नेहरुलाई सुनको सिक्का उपहार दिने योजना ल्याएर बचतकर्तालाई प्रलोभनमा पारेका थिए । यसरी खडा गरेको इच्छाराजको सहकारीको साम्राज्य ढगी गरेको ठहरसँगै ढलेको हो ।

सहकारीमा जम्मा भएको रकम आफ्नै समूहका अरु कम्पनीमा लगानी गर्ने तर सहकारीमा साँवा र ब्याज नतिर्ने प्रवृत्ति देखिएपछि सहकारी धरासायी भई बचतकर्ताको रकम फिर्ता दिन नसक्ने अवस्थामा पुगेको थियो ।

बचतकर्ताले सहकारी घेराउ, प्रदर्शन तथा प्रहरीमा उजुरी दिएपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोले ठगी, संगठित अपराध लगायतका आरोपमा इच्छाराज तामाङसहित सहकारीमा संवद्ध व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धान गरेको थियो ।

२०७८ पुसमा सीआईबीको प्रतिवेदनकै आधारमा जिल्ला सरकारी वकिल कार्यालयले इच्छाराजलगायतविरुद्ध ५ अर्ब ६७ करोड रुपैयाँ मागदाबी लिएर ठगी मुद्दामा काठमाडौं जिल्ला अदालतमा मुद्दा चलाएको थियो ।

इच्छाराज विरुद्ध जिल्ला अदालत काठमाडौंमा ठगी मुद्दा चलेपछि सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागले पनि अनुसन्धान अघि बढाएको थियो । त्यसक्रममा उनले ३ अर्ब ३१ करोड रुपैयाँको स्रोत नखुलेको फेला परेको थियो ।

उनले ६९ वटा कम्पनीहरुमा शेयर लगानी गरेका थिए । ८० करोड रुपैयाँ भन्दा बढी रकम उनले शेयर र कम्पनीहरुमा लगानी गरेका थिए । विभागले विशेष अदालतमा दायर गरेको आरोपपत्र अनुसार, उनले सहकारीको रकम सिभिल होम्समा लगानी गर्थे, सिभिल होम्सको आम्दानी सिभिल समूहकै अरु कम्पनीमा लगानी गर्थे ।

सांसद भएकै बेलामा गैरकानुनी सम्पत्तिआर्जन गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीमाथि गैरकानुनी सम्पत्तिआर्जनको अभियोगमा समेत अनुसन्धान अघि बढाएको थियो । तर राजनीतिक प्रभावका कारण अनुसन्धान टुंगोमा पुग्न सकेको थिएन भने र अख्तियारले फाइल तामेलीमा पठाएको थियो । तथापि उनी विशेष अदालतबाट दोषी ठहर भएका हुन् ।

## दलहरुका...

रणनीतिका लागि उपसभापतिद्वय स्वर्णिम वाग्ले र डोलप्रसाद अर्याललाई जिम्मेवारी तोकेको छ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायतले समेत संसदमा प्रस्तुत हुने रणनीतिका सम्बन्धमा पूर्वतयारी गरेका छन् ।

सत्तारुढ नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे महत्वपूर्ण विधेयकहरु पास गर्ने आफूहरुको तयारी रहेको बताए । अधिवेशनलाई विधेयक केन्द्रित बनाउने गरी तयारी भएको उनको भनाइ छ ।

सक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक, विद्यालय शिक्षा विधेयक, निजामती कर्मचारीसँग सम्बन्धित विधेयकलाई गतिका साथ अगाडि बढाइने उनको भनाइ छ। 'संसद अधिवेशनलाई व्यवस्थित र विधेयक केन्द्रीत बनाउने गरेर सोचिरहेका छौं । कार्यतालिका बनाएर सदनलाई व्यवस्थित गर्नेबारे हामी सोचिरहेका छौं' उनले भने, 'असाध्यै महत्वपूर्ण विधेयकहरु छन्। तिनलाई गतिका साथ अगाडि बढाउनुपर्ने भनेर सोचेका छौं ।'

आगामी आर्थिक वर्षको बजेटका सन्दर्भमा नयाँ तरिकाले लैजानका लागि पनि संसदमा छलफल केन्द्रित गर्ने उनको भनाइ छ । कांग्रेसकी सचेतक सुशीला थिङले अधिवेशनको प्रारम्भमै संक्रमणकालिन न्यायसँग सम्बन्धित विधेयक र सम्पत्ति शुद्धीकरणसम्बन्धी विधेयक पास गर्न पर्यास गर्ने बताइन् ।

'हामीले अघिल्लो संसदमा जतिपनि कानुनहरु पारित गर्नुपर्थ्यो त्यो गर्न सकेनौं । त्यसका लागि हामी क्षमाप्रार्थी पनि छौं। कतिपय विधेयकहरु समितिमा छलफलका क्रममा छन् । ती कानुनहरु यथाशीघ्र हामीले संसदबाट पारित गर्नुपर्छ' उनले भनिन्, 'संसदको अधिवेशनलाई विशेषगरी कानुन निर्माणको काममा नै बढी समय खर्चिनुपर्छ भन्ने मलाई लाग्छ ।'

## वैदेशिक...

उक्त रकम लिएको प्रहरीको दाबी छ ।

त्यस्तै वैदेशिक रोजगारीका लागि एक लाख रुपैयाँ तलब हुने काममा रोमानिया पठाइदिन्छु भनि रकम ठगी गरेको उजुरीका आधारमा काभ्रेपलान्चोकको तेमाल गाउँपालिका-१ घर भइ हाल काठमाडौंको तार्केश्वर-१० बस्ने श्यामबहादुर भण्डारीलाई पनि प्रहरीले पक्राउ गरेको छ ।

वैदेशिक रोजगारीका लागि रोमानिया पठाउँदा ८ लाख ५० हजार रुपैयाँ लाग्ने र रोमानिया पुगेपछि प्रतिष्ठित कम्पनीमा मासिक एक लाख रुपैयाँ तलब हुने पेन्टर काममा लगाइदिने प्रलोभन देखाएर भण्डारीले शरण बुढाथोकीबाट पटक-पटक गरी ५ लाख ७४ हजार रुपैयाँ लिएको उजुरी परेको थियो। सोही उजुरीका आधारमा प्रहरीले बुढाथोकीलाई तार्केश्वरबाट पक्राउ गरेको हो ।

पक्राउ परेका चारै जनालाई वैदेशिक रोजगार ऐनअनुसार थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/०९/२४ मा दर्ता भएको **प्रा.लि.नं. ५०८२२** को **विश्वास आचार्य प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बेलका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति : २०८०।१०।२२)**

यस कार्यालयबाट मिति २०८०।०९।११ गते नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा बिक्री कर उठाउने सम्बन्धी बोलपत्र आव्हानको सूचना बमोजिम निम्न बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई बोलपत्र मूल्याङ्कन समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**निम्नः**

| क्र. सं. | ठेक्का नम्बर | बोलपत्रको नाम | बोलपदाताको नाम र ठेगाना | कबुल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| १ | 04/BELAKA/REVENUE/SQ/GO/2080-081 | ससुवा खोला (वडा नं. ३, ४ र ६), जोगिनी खोला (वडा नं. ६), कटारी खोला (वडा नं. ४) र धारा खोला (वडा नं. २) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | माँ चन्द्र कन्सट्रक्सन प्रा.लि, बेलका-४, उदयपुर | ९७,५६,४२० |

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०४५/१२/१३ मा दर्ता भएको **प्रा.लि.नं. १७१७१९** को **सिङ्गारो म्युजिक प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१०/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/१०/२२**

**अक्वार्लेड पम्प प्रा.लि.** को मिति २०७२/१२/१५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अन्जील पम्प प्रा.लि. (प्रा.लि. नं.: १३८९८०)** कायम गर्ने गरी मिति २०७२/१२/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साउदीमा रोजगार**
कम्पनीः **NAS MANPOWER COMPANY**
शहरः **Saudi Arabia**

पूर्व स्वीकृत मितिः २०७९/०८/२० | चलानी नं.: ६०१९२८०५ | LT. No.: 277256 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २९ गते (12 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
**साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)**
Gov. Lic No. 190/057/058
**Sinamangal-09 Shambu Marga Kathmandu.** Tel:+977-4578566, 4578866
**Email:** continentalnepal190@gmail.com web: www.continentalmanpower.com.np

**साउदीमा रोजगार**
कम्पनीः SANDWICH ROAD FOUNDATION FOR CATERING SERVICES
शहरः SAUDI

पुर्व स्वीकृत मितिः २०८०/१०/१८ | चलानी नं.: ६०२१४३१६ | LT. No.: 299141

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 4 | 0 | स. काममा दक्ष | 1400 | ४९,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २९ गते (12 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Euro-Asia Employment Service Pvt. Ltd.**
Govt. Lic: 548/062/63
**Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197**

**Shree Dileshwori Namuna Secondary School**
**Purchaudi Municipality-0, Baitadi**
**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Date of First publication: 2080/10/22 (05 Feb, 2024)**

1. Shree Dileshwari Secondary School Purchaudi Municipality-01 Hat, Baitadi invites electronic or e-bids from eligible bidders for the following Works under National Competitive Bidding Procedures.

| S. N. | Contract No. | Description of Works | Estimated Amount (Without Vat & PS) NRs. | Bid Security Amount (NRs.) | Cost of Bidding Documents (NRs.) | Bid validity period | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | DSSP/BTD/NCB/Works/01/2080/081 | Construction of Dileshwori School Gate & Boundry Wall Work Purchaudi Municipality-01 Hat, Baitadi. | 83,78,549.72 | 2,65,000.00 | 3,000 | 90 days | - |

2. Only Electronics bidding through PPMO's Website www.bolpatra.gov.np/egp, is permitted and bid Shall be Submitted on or before 12:00 pm on 2080/11/23 (06 March, 2024) and bid Shall be opened on the same date at 2:00 pm. Eligible Bidder may Obtained Further information from dileshwarisecondaryschool@gmail.com or may Visit PPMO website www.bolpatra.gov.np/egp. Bidder should deposits the cost of bidding document in the project account as specified below.
3. Pre-bid meeting shall be held at Shree Dileshwori Secondary School 14:00 hours on 2080/11/06 (18 Feb, 2024).
4. Bid security shall be valid for 30 days beyond the validity period of the bid.
5. Information to deposit the cost of bidding document in Bank:


**Name of the Bank** : **Global IME Bank, Purchaudi Branch, Baitadi**
**Name of Office** : **Shree Dileshwori Secondary School Purchaudi Municipality-01 Hat, Baitadi**
**Office Account No.** : **12401010000540 ( For Bid Document Fee & Bid Security )**

6. In the case of discrepancies or error in bid documents, bid notice or any other documents, Shree Dileshwari Secondary School Purchaudi Municipality-01 Hat, Baitadi reserves the right to amend and correct at any time. if any queries Contract Office or at 9865666815, 9858778080.
8. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
In other things not mentioned in this notice, Public Procurement Act 2063 and Public Procurement Regulation 2064 or current government laws will be applicable.

**Head Teacher**

# नेपालमा कूल मृत्युको ११ दशमलव ११ प्रतिशत कारण क्यान्सर

**पार्वती दाहाल/मध्यान्ह**
काठमाडौं, २१ माघ




नेपालमा कूल मृत्युको ११ दशमलव ११ प्रतिशत मृत्यु क्यान्सरबाट हुने गरेको पाइएको छ । विश्व क्यान्सर दिवसको अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा आयोजित कार्यक्रममा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्रप्रसाद मरासिनीले फोक्सोको क्यान्सर र पाठेघरको मुखको क्यान्सरले गर्दा बढी मृत्यु हुने गरेको बताए । निर्देशक मरासिनीले नेपालमा प्रत्येक वर्ष झन्डै २० हजार जनाभन्दा बढी मानिसमा क्यान्सर पहिचान हुने गरेको बताए । सन् २०२० मा क्यान्सरकै कारण नेपालमा १६ हजार ६ सय २९ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । नेपालमा फोक्सो, पाठेघरको मुख, स्तन, पेट र आन्द्राको क्यान्सरका बिरामी बढी देखिने गरेका महाशाखाका निर्देशक मरासिनीले बताए । उनका अनुसार पुरुष र महिलाको तुलना गर्दा पुरुषमा फोक्सो, आमाशय, मुख तथ मुखजन्य क्यान्सर बढी देखिन्छ भने महिलाको हकमा पाठेघरको मुख रस्तन क्यान्सर सबैभन्दा बढी देखिने गरेको छ । अहिले क्यान्सर विश्वभर मृत्युको प्रमुख कारणमध्ये एक हो । विश्वको तथ्याङ्कअनुसार प्रत्येक ६ जनामा एक जनाको मृत्यु क्यान्सरबाट हुने गरेको छ । क्यान्सरको एक तिहाइ कारक तत्त्वहरूमध्ये सुर्तीजन्य वस्तु तथा जाँड-रक्सीको प्रयोग, शारीरिक निष्क्रियता रहेको छ ।

**क्यान्सर नियन्त्रणका लागि एकताबद्ध हुन आह्वान**

स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले अर्बुद रोग (क्यान्सर) नियन्त्रणका लागि सरोकारवाला सबै एकताबद्ध हुन आह्वान गरेका छन् । उनले 'राष्ट्रिय क्यान्सर नियन्त्रण रणनीति, २०८०-८७' अन्तिम चरणमा रहेको जानकारी दिँदै रणनीतिले क्यान्सरविरुद्ध एकताबद्ध भएर लड्न सहयोग पुग्ने विश्वाससमेत व्यक्त गरे ।

'यस दिवसका अवसरमा नयाँ रणनीति र कार्ययोजना बनाएर यसविरुद्ध हामी एकीकृत रुपमा लडनुपर्छ', मन्त्री बस्नेतले भने, 'यो रोग तत्काल उन्मूलन गर्छौं भन्ने अवस्थामा छैनौं तर यसलाई न्यूनीकरण र नियन्त्रण गर्दै जाने कुरामा यस रणनीतिले धेरै ठूलो सहयोग पुग्ने मैले विश्वास गरेको छु ।'

उनले सरोकारवाला सबैको सल्लाह र सुझाव समेटेर रणनीतिको प्रभावकारी कार्यान्वयन गर्नका लागि प्रतिबद्धतासमेत व्यक्त गरे । मन्त्री बस्नेतले क्यान्सरसँगसँगै सर्ने र नसर्ने रोगको नियन्त्रणका लागि स्वास्थ्यकर्मीको भूमिकाको समेत प्रशंसा गरे ।

**'क्यान्सर नियन्त्रणका लागि सरकारको प्रयास बढाउनुपर्छ'**

अर्बुद रोग (क्यान्सर)को नियन्त्रण एवं उपचारमा पहुँच वृद्धिका लागि सरकारले जनचेतना अभिवृद्धिसँगै आवश्यक उपकरण र स्वास्थ्य जनशक्ति बढाउन चिकित्सकहरुले सरकारको ध्यानाकर्षण गराएका छन् । क्यान्सर रोग विशेषज्ञहरुले क्यान्सरको बढ्दो जोखिमप्रति सचेत गराउँदै उपचारलाई पहुँचयोग्य बनाउन सुझाव दिएका हुन् । स्वास्थ्य मन्त्रालयमा आयोजित अन्तरक्रियामा वीर अस्पतालका क्यान्सर विभाग प्रमुख प्रा.डा.विवेक आचार्यले क्यान्सर उपचारका लागि अत्यावश्यक 'रेडियो मेसिन' को अभावप्रति मन्त्रालयको ध्यानाकर्षण गराए । उनका अनुसार अहिले ३० देखि ३५ रेडियसन मेसिनको आवश्यकता छभने देशभर सरकारी र निजी दुवै गरी ११ वटा मात्र रेडिसन मेसिन उपलब्ध छन् । 'देशभर ११ मात्र मेसिन छन्, वीरमा भर्खरै प्राप्त मेसिनसमेत प्रयोगमा आएको छैन, रेडियो थेरापीका लागि बिरामी भक्तपुरमा तीन महिना कुर्नपर्ने बाध्य छन्, वीर अस्पतालमा पालो कुर्नेको समय चार महिना पुगिसक्यो', उनले भने, 'राज्यले चाहेमा निजीमा ७० हजार रुपैयाँ शुल्क लाग्ने उक्त परीक्षण २० हजारमा गर्न सकिन्छ तर अहिले बिरामी भारत गएर उपचार गर्न बाध्य छन् ।'

उनले स्वास्थ्य जनशक्तिलाई पर्याप्त तालिमको आवश्यकता औंल्याए । प्रा.डा.आचार्यले निवारण गर्न सकिने क्यान्सर जस्तै पाठेघरको मुख र फोक्सोको क्यान्सरका लागि जनचेतनामा वृद्धि, एचपीभी खोप तथा 'स्क्रिनिङ' बढाउन मन्त्रालयलाई सुझाव समेत दिए । 'क्यान्सर रोग लाग्नुअघि क्यान्सरको पहिचान र उपचार भए पूर्णरुपमा निको हुन्छ, त्यही कुरा क्यान्सरमा परिवर्तन भएर पहिलो वा दोस्रो चरणमा पहिचान भए ८० देखि ९० प्रतिशतसम्म निको हुने सम्भावना हुन्छ, तेस्रो चरणमा पहिचान भए ३० देखि ५० प्रतिशत र चौथो चरणमा पुग्यो भने पाँच प्रतिशतमात्र निको हुने सम्भावना हुन्छ', उनले भने, 'दुर्भाग्यवश हामी कहाँ आइपुग्ने धेरै बिरामी तेस्रो वा चौथो चरणको अवस्थामा हुन्छन् ।'

छलफलमा नेपाल चिकित्सक संघका अध्यक्ष एवं क्यान्सर रोग शल्यचिकित्सक डा.अनिल कार्कीले प्रा.डा.आर्चायसँग सहमति जनाउँदै निवारण गर्न सकिने क्यान्सरबारे जनचेतना अभिवृद्धि गर्न सुझाव दिए । 'क्यान्सरले गराउने कूल मृत्युको एक तिहाइ सुर्तीजन्य पदार्थ सेवन पनि हो तर विद्यालयस्तरका विद्यार्थीमा धुम्रपानको प्रयोग बढेको छ, यो चिन्ताको विषय हो', डा कार्कीले भने, 'खाद्य पदार्थ उत्पादनमा प्रयोग हुने विभिन्न रसायनले समेत क्यान्सरको जोखिम बढाएको छ, यसमा पनि बहस आवश्यक छ ।' छलफलमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा निर्देशक डा.रुद्रप्रसाद मरासिनीले क्यान्सर उपचार तथा नियन्त्रणका लागि न्यून पूर्वाधार, अपर्याप्त आर्थिक स्रोत र स्वास्थ्य जनशक्तिको अभाव रहेको बताए । उनले बिरामीले सेवा उपभोगमा ८० प्रतिशत हिस्सा व्यक्तिगत खर्चबाटै व्यहोर्नुपर्ने समस्या रहेको समेत बताए ।



रुकुम पूर्वको सिस्ने गाउँपालिका वडा नं १ र आठबिसकोट नगरपालिका वडा नं २ मा रहेको सिस्ने हिमाल । यसको उचाई ५ हजार ९ सय ११ मिटर रहेको छ । तस्बिर : प्रचण्ड खत्री/मध्यान्ह

# गढीमाई नगरपालिकाको दशौं हिउँदे नगर अधिवेशन सम्पन्न

**राजकुमार यादव/मध्यान्ह**
रौतहट, २१ माघ




रौतहटको गढीमाई नगरपालिकाको दशौं नगरसभा तथा हिउँदे अधिवेशन सम्पन्न भएको छ। नगर प्रमुख श्याम प्रसाद यादवको अध्यक्षतामा आइतबार बसेको नगरसभा तथा हिउँदे अधिवेशनले विभिन्न ११ वटा महत्वपूर्ण निर्णयहरु पारित गरेको छ । अधिवेशनले आर्थिक वर्ष २०७९/८० मा भुक्तानी हुन बाँकी रहेका सम्पन्न योजना र कार्यक्रमहरुको रकम यस चालु आर्थिक वर्षमा भुक्तानी गर्ने निर्णय गरेको छ । विभिन्न शीर्षकहरुमा रहेको रकम अन्य शिर्षकहरुमा रकमान्तर गरी बाँकी योजनाको रकम भुक्तानी गर्ने, नगरसभाले पारित गरेको विभिन्न योजनाहरु फेरबदल गर्ने लगायतका निर्णय पारित गरिएको नगर प्रमुख यादवले बताए ।

प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, नगर प्रहरीको सञ्चालन र व्यवस्थापन गर्न विधेयक, स्थानीय उद्योग व्यवसाय दर्ता, नविकरण, व्यवस्थापन र नियमन गर्ने विधेयक, गत आ.व. २०७९/८० को भुक्तानी हुन बाँकी रहेको योजना/कार्यक्रमहरुको रकम भुक्तानी गर्ने सन्दर्भमा नगर कार्यपालिकाले गठन गरेको अनुगमन समितिले सिफारिस गरेको सम्पन्न योजनाको भुक्तानी गर्न नगर कार्यपालिकाको कार्यालयलाई अधिकार प्रदान गर्ने प्रस्ताव पारित गरिएको छ। त्यस्तै नगरपालिकामा विभिन्न पदमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार सम्झौता रद्द गरी नगर कार्यपालिकाको सेवा प्रवाह प्रभावकारी बनाउन तत्काल आवश्यकता र औचित्यका आधारमा दैनिक ज्यालादारीमा कामकाज गराउने निर्णय पारित गरिएको छ ।

नगर कार्यपालिकाको बहुमत सदस्यहरुद्वारा उक्त ११ वा विभिन्न निर्णयहरु सर्वसम्मत ढंगले पारित गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले बताए । प्रत्येक स्थानीय तहले नगरसभाबाट पारित योजना र कार्यक्रमहरु फेरबदल गर्न तथा एक शीर्षकबाट अर्को शीर्षकमा रकम रकमान्तर गर्न तथा अन्य आवश्यक निर्णयहरु गर्न नगरसभा गरेको ६ महिनाभित्रमा हिउँदे अधिवेशन गर्न सक्ने प्रावधान छ । सोही प्रावधानलाई टेकेर गढीमाई नगरपालिकाले दशौं हिउँदे अधिवेशनद्वारा विभिन्न योजनाहरु संशोधन गर्नुको साथै रकम समेत रकमान्तर गरेको छ ।

उक्त कार्यक्रममा मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च ३० लाख, विविध खर्च १५, भैपरी आउने चालू खर्च ५ लाख, वडा १ देखी ९ सम्म वडा व्यवस्थापनमा ३५ लाख, मसलन्द तथा कार्यालय सामग्री १५ लाख, सञ्चार महसुल तथा इन्टरनेट ५ लाख, महिला स्वयंसेविकाहरुको मासिक भत्ताका लागि १० लाख, पदाधिकारी भ्रमण खर्च ५ लाख, न्यायिक समितिको सञ्चालन/व्यवस्थापनका लागि ५ लाख, पानी र बिजुलीका लागि १० लाख, चालू साझेदारी कोष मेडपा र पोषणमा ५/५ लाख गरी १० लाख कुल रकम १ करोड ४५ लाख रकमान्तर गरेको छ । नगर अधिवेशनमा कार्यपालिकाको बहुमत सदस्यहरुको उपस्थिति रहेको थियो । रौतहटमा अझै अधिकांश स्थानीय तहले हिउँदे अधिवेशन सम्पन्न गर्न सकेका छैनन् ।


## Parshuram Municipality
## Office of Municipal Executive
**Jogbuda, Dadeldhura**

**Invitation for Electronic Sealed Quotations**

**Date of Publication: 2080/10/22 (2024/02/05)**

1. Parshuram Municipality Office of Municipal Executive, Jogbuda, Dadeldhura invites sealed quotations from registered Suppliers for the following contract.

| S. N. | SQ No. | Description of Work | Bid Security Amount (NRs.) | Price of Bid. Document (NRs.) |
|---|---|---|---|---|
| 1. | 02/GOODS/SQ/ PM/2080/2081 | Procurement, Supply and Transportation (Upto Road Heads) of Cement in Different Places of Parshuram Municipality | 50,000 | 1,000 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: parshurammun@gmail.com , Phone No.: 096-411004 or may visit PPMO website www.bolpatra.gov.np.
3. Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system i.e www.bopatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the following account:
   **Name of the Bank : Nepal Bank Ltd.**
   **Office Account no. : 24403000001001000001**
   **Name of Office : Parshuram Municipality, Jogbuda, Dadeldhura**
4. Sealed bids must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 Noon on 2080/11/08 (2024/02/20). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 2080/11/08 (2024/02/20) at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   Information to deposit bid security in Bank:
   **Name of the Bank : Nepal Bank Ltd.**
   **Office Account no. : 24403000003000000001**
   **Name of Office : Parshuram Municipality, Jogbuda, Dadeldhura**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## कालीगण्डकी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**विर्घा, स्याङ्जा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति : २०८०/१०/२२)**

यस कार्यालयमा रितपुर्बक दर्ता हुन आएको तपशिल बमोजिमको बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नम्बर | खरिद कार्यको विवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम रु (मु.अ.क समेत) |
|---|---|---|---|
| KLGD/W/NCB/ CLIPM/04/080/081 | Construction fo Lifting irrigation project in Mirmee | Prakat Prakriti Nirman and Suppliers P.Ltd | १,९५,५४,३२५।०७ |
| KLGD/W/NCB/ CLIPB/05/080/081 | Construction fo Lifting irrigation project in Barichaur | Prakat Prakriti Nirman and Suppliers P.Ltd | २,५०,९६,८२७।७१ |



## सडक डिभिजन शिवपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८०/१०/२२**

यस डिभिजनको मिति २०८०/८/२४ आर्थिक दैनिकीमा प्रकाशित सूचना (Bid Notice No. 05/RDSPR/2080/081–11) अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S. N. | Contract No | Name of Successful Bidder | Bid Amount.NRS (Excluding PS & VAT) |
|---|---|---|---|
| 1 | RDSPR/3373101134/080/81/11 | M/s Mahaprabhudev-Om Nama J.V, Dang | 2,44,58,495.00 |

**डिभिजन प्रमुख**





मध्यान्ह
www.madhyanhadaily.com

२२ माघ २०८०, सोमबार
5 February 2024, Monday

## सम्पादकीय

### मजाक होइन जनादेश

गत ११ माघमा सम्पन्न राष्ट्रियसभा निर्वाचनको नतिजा अपेक्षित नआएपछि सत्ता गठबन्धनका दलहरूभित्रको खटपट सार्वजनिक रूपमै प्रकट हुन थालेको छ। १९ पदका निम्ति भएको राष्ट्रियसभा निर्वाचनमा सत्ता गठबन्धनका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादीबीच भागबण्डा भएको थियो । भागबण्डा बमोजिम बमोजिम कांग्रेसले १०, माओवादी केन्द्रले ६, एकीकृत समाजवादीले २ र जसपाले एक सिटमा उम्मेद्वारी दिएको थियो । तर माओवादीको भागमा परेको कोशी प्रदेशको महिला कोटामा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका उम्मेद्वार रूक्मिणी कोइरालाले जितिन् । यो अनपेक्षित नतिजापछि माओवादी केन्द्रका नेताहरूले कांग्रेसमाथि आशंका र आरोप लगाउन थाले । कांग्रेसका नेताहरूले उल्टै सत्ताकै नेतृत्वमाथि विकल्प प्रस्तुत गरे। अहिले पनि कांग्रेस र माओवादीका नेताहरू सार्वजनिक रूपमै गठबन्धनभित्रको गठबन्धन प्रकट गरिरहेका छन्।

कांग्रेसका डा.शेखर कोइराला, पूर्व उपसभापति विमलेन्द्र निधिदेखि पूर्वमहामन्त्री डा.शशांक कोइरालाले सरकार असफल भएको सार्वजनिक रूपमा बोलिरहेका छन्। माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार असफल भएकाले विकल्पमा जानुपर्ने उनीहरूले सार्वजनिक बक्तव्य दिइरहेका छन्। तर विकल्पमा उनीहरूले संसद्मा सवैभन्दा ठूलो दल रहेको आफ्नै पार्टी कांग्रेसले सरकारको नेतृत्व लिनुपर्ने बताइरहेका छैनन्। यी नेताहरूको भनाइ छ, अब माधवकुमार नेपाल नेतृत्वमा सरकार बनाऔं। प्रचण्ड प्रधानमन्त्री बनिरहँदा माधव नेपाललाई दोस्रो पालोका प्रधानमन्त्री भनिएकाले त्यसतर्फ जानुपर्ने उनीहरूको तर्क छ। जबकी माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीले गत वर्षको चुनावमा राष्ट्रिय दलको मान्यता समेत पाउन सकेको थिएन। पाँच दलीय गठबन्धन गरेकाले प्रत्यक्षतर्फ १० सिट जितेपनि पार्टी मत तीन प्रतिशत आउन नसकेकाले राष्ट्रिय दल बन्न सकेन। अहिले कांग्रेसका नेताहरूले तिनै माधव नेपाललाई प्रधानमन्त्री बनाउनुपर्ने तर्क गरिरहेका छन्।

पक्कैपनि हङ पार्लियमेन्ट भएकाले माधव नेपाल प्रधानमन्त्री बन्न सक्छन् । तर जनादेश भने फेरि पनि उनी प्रधानमन्त्री बन्नुपर्छ भन्ने होइन । अझ राजनीतिक अस्थीरतालाई निम्तो दिनेगरी अनि प्रधानमन्त्री पदलाई केही नेताहरूबीचको आलोपालो भन्ने सन्देश दिइनु लोकतान्त्रिक प्रणालीको भावना होइन। कुनै नेताले जनादेशको सम्मान गर्न, संविधानको कार्यान्वयन गर्न र मुलुकलाई अगाडि बढाउने बचन दिएर देशको नेतृत्व गर्न सक्छन्। तर जनादेश र मुलुकको चाहना बिपरीत नेताहरूले लेनदेन र मनमौजीमा देशको कार्यकारी पदबारे मजाक गर्न मिल्दैन। त्यस्तो अवस्था मुलुक र लोकतान्त्रिक अभ्यासकै निम्ति समेत दुर्भाग्य हुनेछ।

# क्यान्सर रोग : चुनौती र उपचार

*शुरूकै अवस्थामा निदान गरी सही उपचार गर्न सके क्यान्सर निको हुन्छ। यो रोगको उपचार सम्भव छ। क्यान्सरलाई जित्न सकिन्छ। क्यान्सरको उपचारपछि पनि जीवन हुन्छ।*

अग्रलेख



● प्रा. डा. योगेन्द्र प्रसाद सिंह

नेपालमा नसर्ने रोगहरूको प्रकोप बढ्दो छ। नेपालमा हुने सबै मृत्युहरूमध्ये झण्डै दुईतिहाइ मृत्यु यिनै नसर्ने रोगबाट हुने गरेको छ। नसर्ने रोगमध्येको एक महत्वपूर्ण रोग क्यान्सर पनि हो । नेपाललगायत अन्य विकासोन्मुख देशमा सर्नेभन्दा नसर्ने रोगको प्रकोप धेरै छ। नसर्ने रोग भन्नाले क्यान्सर, मुटुरोग, मृगौलाको रोग, डायबिटिज, श्वासप्रश्वासको रोग, अल्जाइमर आदि पर्दछन्। मानव जीवनमा हुने नसर्ने रोगहरूमध्ये क्यान्सर रोग जुनसुकै उमेर, लिङ्ग, जाति, वर्गलाई पनि हुनसक्छ। क्यान्सर कदापि सरुवा रोग होइन। यो एउटा निको हुने रोग हो। प्रायः क्यान्सर शुरु-शुरुको अवस्थामा पहिचान गर्न सक्यो भने नेपालमा नै निको पार्न सकिन्छ। नेपालमा पहिले सरुवा रोग र कुपोषणको समस्या बढी थियो भने वर्तमानमा क्यान्सरलगायत नसर्ने रोगहरू बढ्दै गएका छन्।



क्यान्सर सरुवा रोग नभए पनि यसको प्रकोप बढ्दो छ। क्यान्सर भनेको हाम्रो जीवनशैली खानपिनमा भरपर्ने रोग हो। सबै क्यान्सर वंशानुगत हुँदैनन्। कुनै-कुनै मात्र वंशानुगत हुन्छन्। जस्तैः महिलामा लाग्ने स्तन क्यान्सर, डिम्वाशयको क्यान्सर, ठूलो आन्द्राको क्यान्सर ५-१० प्रतिशत वंशानुगत हुन्छन् । प्रायः सबैलाई थाहा छ, सुर्तीजन्य पदार्थको सेवनले हामीलाई क्यान्सर गर्दछ। तर, धेरैलाई थाहा छैन कि, मानव शरीरमा लाग्ने हरेक अङ्गको क्यान्सरको पहिलो कारकतत्व भनेको सुर्तीजन्य पदार्थ नै हो। सुर्तीजन्य पदार्थ भन्नाले चुरोट, बिँडी, हुक्का, पाइप, चिलिम, गुटखा, खैनी, पानपराग आदि पर्दछन्। नेपालमा वर्षेनी ३० हजार क्यान्सरका नयाँ बिरामी थपिन्छन् । करिब २० हजारको क्यान्सरकै कारण ज्यान जान्छ । धूमपानबाट हुने विशेषगरी फोक्सो, नाक, कान, घाँटी, मुख तथा पिसाब थैलीको क्यान्सर मुख्य छन् । यसका साथै सङ्क्रमणले हुने क्यान्सर जस्तै- पेट, पित्तथैली, कलेजो र पाठेघरको मुखको क्यान्सर हुन्छ । अस्वस्थकर खानपिन, निष्क्रिय जीवनशैली, मोटोपन र शारीरिक व्यायामको कमीलगायत कारणले प्रोस्टेट, आन्द्रा, स्तन, प्याङ्क्रियाजलगायतका अङ्गमा पनि क्यान्सर फैलिँदै गएको छ।

नेपालमा हाल करिब ७५ लाख व्यक्ति प्रत्यक्षरूपमा पान, बिँडी, खैनी, सुर्ती, पराग, हुक्का सेवन गर्दछन् । यही अवस्था रहेमा त्यसको असरबाट प्रभावित भई क्यान्सरका रोगीहरूको संख्या पनि बढ्ने देखिन्छ। नेपालमा क्यान्सर रोगीहरूको तथा यसबाट मृत्यु हुनेहरूको तथ्यांकहरू प्राप्त छैन, तर पनि प्रतिलाख जनसंख्यामा प्रतिवर्ष एक सयजना क्यान्सर रोगी थप्ने अनुमान गरिएको पाइन्छ। सो अनुमानअनुसार हाल नेपालको जनसंख्याको अनुपातमा वार्षिक २५-३० हजार क्यान्सर रोगीहरू थपिने हुन्छ । विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको तथ्यांकले क्यान्सर रोगीहरूको संख्यामा दिनहुँ वृद्धि भइरहेको औंल्याएको छ। विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको तथ्यांकअनुसार आज बर्सेनि ३६ हजार व्यक्ति क्यान्सर रोगबाट पीडित हुँदै आएका छन्। साथै, नेपालको प्रमुख अस्पतालहरूको तथ्यांकानुसार महिलाहरूमा लाग्ने क्यान्सर रोगमध्ये पाठेघरको मुखको क्यान्सर प्रथम स्थानमा र स्तन क्यान्सर दोस्रो स्थानमा रहेको छ। विश्वलगायत नेपालमा यी दुई क्यान्सरका कारण बर्सेनि हजारौं महिलाको मृत्युदर बढिरहेको अहिलेको अवस्था छ।

क्यान्सर एउटा यस्तो रोग हो जो शरीरको कुनै पनि भागमा एक नयाँ, अनियन्त्रित तथा लगातार बढिराख्ने असामान्य कोषहरूको समूहलाई प्रतिनिधित्व गर्दछ र यो शरीरका लागि खतरनाक हुन्छ। क्यान्सर कोषहरू शरीरको सामान्य कोषभन्दा भिन्दै खालको हुन्छ। कोषहरूको आकार नाप र भित्री बनावट फरक-फरक हुन्छ। क्यान्सर आफू नजिकका तन्तुहरूलाई असर पार्नुका साथै शरीरका अरु भागमा पनि फैलिन सक्छ। क्यान्सर सरुवा रोग होइन। क्यान्सर जसलाई पनि हुनसक्ने रोग हो। क्यान्सर रोगका केही प्रमुख तत्वहरूको सेवनप्रति नेपालीहरूले प्रायः लापरवाही गरिरहेको पाइन्छ।

> *नेपालमा वर्षेनी ३० हजार क्यान्सरका नयाँ बिरामी थपिन्छन् । करिब २० हजारको क्यान्सरकै कारण ज्यान जान्छ। अस्वस्थकर खानपिन, निष्क्रिय जीवनशैली, मोटोपन र शारीरिक व्यायामको कमीलगायतका कारणले प्रोस्टेट, आन्द्रा, स्तन, प्याङ्क्रियाजलगायतका अङ्गमा पनि क्यान्सर फैलिँदै गएको छ।*

विशेषगरी सुर्तीजन्य सामग्री (चुरोट, बिँडी, खैनी, गुट्खा र कक्कर), रक्सी (मद्यपान), तारेको, भुटेको र पोलेको खाद्य वस्तुलगायत अजिनोमोटो प्रयोग गरिएको क्यान फुडलगायतका खाद्य सामग्री सेवनको चलन अधिक रहेको पाइन्छ। यसलाई आधुनिक जीवनशैली भनिए पनि यसले क्यान्सरको साथै अन्य रोगहरू हुने सम्भावना बढ्न सक्छ। यसका अतिरिक्त मोटोपनाले पनि रोगको सम्भावना बढाउँछ। नेपालमा विशेषतः फोक्सोको क्यान्सर र कोलोनको क्यान्सर बढी मात्रामा देखिँदै आएको छ।

विश्वकै तथ्यांकलाई हेर्ने हो भने लोग्नेमान्छे र स्वास्नीमान्छे दुवैमा सबैभन्दा बढी पाइने पाँच प्रमुख क्यान्सर फोक्सो, स्तन, ठूलो आन्द्रा तथा मलाशय, प्रोस्टेट र आमाशयको क्यान्सर पर्दछ। क्यान्सरबाट हुने मृत्युको संख्या केलाउँदा फोक्सो, कलेजो, आमाशय, ठूलोआन्द्रा तथा मलाशय र स्तनको क्यान्सर प्रमुख मानिन्छ। दक्षिण एसिया क्षेत्रमा सबैभन्दा बढी मुखको क्यान्सर पाइन्छ, यसको प्रमुख कारण यस क्षेत्रमा ठूलो मात्रामा पान, चुन, सुर्ती आदिको सेवनले गर्दा हो। नेपालमा क्यान्सरका बिरामीको संख्या बर्सेनि बढ्दै गएको पाइन्छ।

हालको तथ्यांकानुसार नेपालमा प्रमुख १० क्यान्सरमा फोक्सोको क्यान्सर १२ दशमलव दुई प्रतिशत, पाठेघरको मुखकोको क्यान्सर १० दशमलव नौ, स्तन क्यान्सर नौ दशमलव छ, आमाशयको क्यान्सर सात दशमलव छ, पित्तथैलीको क्यान्सर चार दशमलव नौ, मुख तथा ओठको क्यान्सर चार दशमलव एक, थाइरायडको क्यान्सर तीन दशमलव चार, ठूलो आन्द्राको क्यान्सर तीन, रगतको क्यान्सर दुई दशमलव नौ र डिम्बाशयको क्यान्सर दुई दशमलव नौ प्रतिशत रहेको छ।

क्यान्सरसँग जोडिएका केही यथार्थ तथा भ्रमका कुराहरू पनि समाजमा रहेको पाइन्छ। केही वर्ष पहिले आम सोचाइ के थियो भने क्यान्सर भनेको विकसित देशमा नै हुने समस्या हो, तर खासमा भन्ने हो भने क्यान्सरबाट मृत्यु हुनेको संख्या विकसित देशहरूमा भन्दा विकासोन्मुख देशहरूमा बढी भएको तथ्यांकले देखाएको पाइन्छ। यथार्थपरक रूपमा भन्नुपर्दा क्यान्सर सरुवा रोग होइन, तर क्यान्सरका कारकतत्वजस्ता सुक्ष्म जीवाणु एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ।

क्यान्सर जुनसुकै उमेरमा हुन रोग हो। नेपालमा प्रायः ४० वर्षपछि क्यान्सर देखिएको छ। बच्चामा पनि क्यान्सर हुन्छ। क्यान्सर शरीरका जुनसुकै भागमा हुनसक्छ। शुरुका अवस्थामा निदान गरी सही उपचार गर्न सके निको हुन्छ। यो रोगको उपचार हुन्छ। क्यान्सर रोगबाट बच्ने विभिन्न उपाय छन्। क्यान्सरलाई जित्न सकिन्छ। क्यान्सरको उपचारपछि पनि जीवन हुन्छ।

यस्तै, यस रोगका बारेमा मानिसले विभिन्न भ्रम पालेको देखिन्छ। धेरैले यसलाई क्यान्सर सरुवा रोग हो भन्ने गर्दछन्। परिवारमा कसैलाई क्यान्सर भयो भने सबैलाई हुन्छ भन्ने भ्रम मानिसमा रहेको छ। क्यान्सर निको हुने रोग होइन, यो रोग लागेपछि बाँच्ने सम्भावना हुँदैन भन्ने विश्वास धेरैले लिएका हुन्छन्। क्यान्सर पूर्वजन्मको पाप हो भन्ने पनि गरिन्छ। शरीरमा सानो गाँठो अथवा घाउ क्यान्सर हुन सक्दैन भनेर धेरैले समयमै उपचार नगराउँदा यो रोगको सङ्क्रमण भएको छ। क्यान्सरको उपचार गर्नु बेकार हो, क्यान्सर रोगबाट बच्ने कुनै उपाय हुँदैन भन्ने सोच राख्दा धेरैले उपचार नपाएर अकालमै मृत्युको मुखमा गएको उदाहरणहरू छन्। यो कुनै धनीलाई नहुने वा गरिबलाई हुने रोग होइन।

